निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

मिति २०८१/०८/०२
ने.सं. ११४५, कछलागा, २ आइतबार

# प्रेस विज्ञप्ति

## उम्मेदवारको मनोयनपत्र दर्ता सम्बन्धमा

वि.सं. २०८१ मंसिर १६ गते आइतबारका दिन हुने स्थानीय तह उपनिर्वाचनका लागि निर्वाचन कार्यक्रम अनुसार आज मिति २०८१/०८/०२ गते विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उत्साहजनक एवम् शान्तिपूर्ण रूपमा उम्मेदवारको मनोनयन पत्र दर्ता भएको छ।

कैलाली जिल्ला समन्वय समितिको प्रमुखमा २ जना महिला र ओखलढुंगा जिल्ला समन्वय समितिको प्रमुखमा १ जना पुरूष उम्मेदवारको मनोनयन पत्र दर्ता भएको छ। यसैगरी गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखमा रिक्त ८ पदका लागि ३५ महिला, ४८ पुरूष र १ अन्य गरी जम्मा ८४ जना उम्मेदवारको मनोनयन पत्र दर्ता भएको छ। साथै गाउँपालिका र नगरपालिकाका वडा अध्यक्षको रिक्त ३४ पदका लागि २९ महिला, २९३ पुरूष र १ अन्य गरी जम्मा ३२३ जनाको मनोनयन पत्र दर्ता भएको छ।

उम्मेदवारको मनोनयन पत्र दर्ता भएका मध्ये सबैभन्दा धेरै धनुषा जिल्ला, धनुषाधाम नगरपालिका वडा नं. १ को वडा अध्यक्ष पदमा २१ जना र सबैभन्दा कम रूकुम (पूर्वी भाग) जिल्ला, पुथा उत्तरगंगा गाउँपालिका वडा नं. २ को वडा अध्यक्ष पद र बझाङ जिल्ला, सुर्मा गाउँपालिका वडा नं. ४ को वडा अध्यक्ष पदमा ३/३ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

उम्मेदवारको मनोनयन पत्र दर्ता भई सूची प्रकाशन भएपछि मिति २०८१/०८/०३ गते विहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, मिति २०८१/०८/०४ गते अपरान्ह ५:०० बजेसम्म मनोनयनपत्र र उजुरी उपर जाँचबुझ तथा निर्णय गरी सोही दिन ६:०० बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ। त्यसैगरी मिति २०८१/०८/०५ गते उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र अपरान्ह ३:०० बजेदेखि ५:०० बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको छ। यसरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिसकेपछि मिति २०८१/०८/१६ गते आइतबारका दिन विहान ७:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने भएको हुँदा मतदान कार्यमा सहभागी भै आफ्नो मताधिकार प्रयोग गर्न आयोग सम्बन्धित सबै मतदाताहरूमा आह्वान गर्दछ।

उम्मेदवारी दर्ता सम्बन्धी विस्तृत विवरण यसैसाथ संलग्न छ।

२०८१/०८/०२

नीता पोखरेल अर्याल
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

स्थानीय तह उपनिर्वाचन, २०८१

उम्मेदवारको मनोनयन पत्र दर्ताको विवरण

| क.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | रिक्त पद | वडा नं. | उम्मेदवारको मनोनयन संख्या | | | | राजनीतिक दल | स्वतन्त्र | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरूष | अन्य | जम्मा | | | |
| १ | कोशी | ताप्लेजुङ | सिरीजङ्घा गाउँपालिका | वडा अध्यक्ष | ३ | १ | ४ | ० | ५ | ५ | ० | ५ |
| २ | कोशी | झापा | कन्काई नगरपालिका | वडा अध्यक्ष | ६ | १ | ८ | ० | ९ | ८ | १ | ९ |
| ३ | कोशी | मोरङ | ग्रामथान गाउँपालिका | अध्यक्ष | | ० | १६ | ० | १६ | १५ | १ | १६ |
| ४ | कोशी | तेह्रथुम | लालीगुराँस नगरपालिका | वडा अध्यक्ष | ८ | ० | ८ | ० | ८ | ६ | २ | ८ |
| ५ | कोशी | सुनसरी | गढी गाउँपालिका | वडा अध्यक्ष | ६ | २ | १२ | ० | १४ | ११ | ३ | १४ |
| ६ | कोशी | ओखलढुंगा | मोलुङ गाउँपालिका | वडा अध्यक्ष | ५ | ० | ८ | ० | ८ | ६ | २ | ८ |
| ७ | कोशी | उदयपुर | त्रियुगा नगरपालिका | वडा अध्यक्ष | १२ | २ | ७ | ० | ९ | ८ | १ | ९ |
| ८ | कोशी | उदयपुर | वेलका नगरपालिका | वडा अध्यक्ष | ९ | ० | ७ | ० | ७ | ७ | ० | ७ |
| ९ | मधेश | सप्तरी | डाक्नेश्वरी नगरपालिका | वडा अध्यक्ष | १ | १ | ८ | ० | ९ | ७ | २ | ९ |
| १० | | सप्तरी | डाक्नेश्वरी नगरपालिका | वडा अध्यक्ष | ४ | ० | ८ | ० | ८ | ८ | ० | ८ |
| ११ | मधेश | धनुषा | धनुषाधाम नगरपालिका | वडा अध्यक्ष | १ | २ | १९ | ० | २१ | १२ | ९ | २१ |
| १२ | मधेश | महोत्तरी | रामगोपालपुर नगरपालिका | वडा अध्यक्ष | २ | १ | १९ | ० | २० | ८ | १२ | २० |
| १३ | मधेश | रौतहट | ईशनाथ नगरपालिका | वडा अध्यक्ष | ७ | ० | १५ | ० | १५ | ८ | ७ | १५ |
| १४ | मधेश | रौतहट | राजपुर नगरपालिका | वडा अध्यक्ष | ६ | १ | १३ | ० | १४ | ६ | ८ | १४ |
| १५ | मधेश | रौतहट | गढीमाई नगरपालिका | वडा अध्यक्ष | ८ | १ | १५ | ० | १६ | ७ | ९ | १६ |
| १६ | वागमती | दोलखा | गौरिशंकर गाउँपालिका | उपाध्यक्ष | | १२ | ४ | ० | १६ | ७ | ९ | १६ |
| १७ | वागमती | काठमाडौं | काठमाडौं महानगरपालिका | वडा अध्यक्ष | १६ | २ | १७ | ० | १९ | ८ | ११ | १९ |
| १८ | वागमती | काठमाडौं | कीर्तिपुर नगरपालिका | प्रमुख | | ० | १९ | १ | २० | ९ | ११ | २० |
| १९ | | काठमाडौं | कीर्तिपुर नगरपालिका | वडा अध्यक्ष | १ | १ | ८ | ० | ९ | ६ | ३ | ९ |
| २० | | काठमाडौं | कीर्तिपुर नगरपालिका | वडा अध्यक्ष | ४ | २ | १० | १ | १३ | ८ | ५ | १३ |
| २१ | वागमती | नुवाकोट | ककनी गाउँपालिका | वडा अध्यक्ष | २ | १ | १० | ० | ११ | ९ | २ | ११ |
| २२ | वागमती | मकवानपुर | हेटौंडा उपमहानगरपालिका | वडा अध्यक्ष | १२ | ३ | ११ | ० | १४ | ९ | ५ | १४ |
| २३ | गण्डकी | गोरखा | गोरखा नगरपालिका | वडा अध्यक्ष | ५ | ४ | ६ | ० | १० | १० | ० | १० |
| २४ | लुम्बिनी | गुल्मी | मुसिकोट नगरपालिका | वडा अध्यक्ष | १ | १ | ७ | ० | ८ | ५ | ३ | ८ |
| २५ | लुम्बिनी | कपिलवस्तु | शुद्धोधन गाउँपालिका | वडा अध्यक्ष | १ | ० | १४ | ० | १४ | १० | ४ | १४ |
| २६ | लुम्बिनी | रोल्पा | रुन्टीगढी गाउँपालिका | वडा अध्यक्ष | ४ | ० | ६ | ० | ६ | ६ | ० | ६ |
| २७ | लुम्बिनी | रुकुम (पूर्वी भाग) | पुथा उत्तरगंगा गाउँपालिका | उपाध्यक्ष | | ६ | १ | ० | ७ | ३ | ४ | ७ |
| २८ | लुम्बिनी | रुकुम (पूर्वी भाग) | पुथा उत्तरगंगा गाउँपालिका | वडा अध्यक्ष | २ | ० | ३ | ० | ३ | २ | १ | ३ |
| २९ | लुम्बिनी | बर्दिया | टाकुरबाबा नगरपालिका | वडा अध्यक्ष | ४ | ० | ६ | ० | ६ | ६ | ० | ६ |
| ३० | कर्णाली | रुकुम (पश्चिम भाग) | सानीभेरी गाउँपालिका | वडा अध्यक्ष | ५ | ० | ४ | ० | ४ | ३ | १ | ४ |
| ३१ | कर्णाली | दैलेख | महाबु गाउँपालिका | अध्यक्ष | | ० | ७ | ० | ७ | ७ | ० | ७ |
| ३२ | कर्णाली | दैलेख | दुल्लु नगरपालिका | वडा अध्यक्ष | १३ | ० | ६ | ० | ६ | ६ | ० | ६ |
| ३३ | कर्णाली | जाजरकोट | नलगाड नगरपालिका | उपप्रमुख | | ६ | ० | ० | ६ | ६ | ० | ६ |
| ३४ | कर्णाली | जाजरकोट | कुसे गाउँपालिका | वडा अध्यक्ष | ७ | ० | ४ | ० | ४ | ४ | ० | ४ |
| ३५ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | वडा अध्यक्ष | ४ | १ | ५ | ० | ६ | ६ | ० | ६ |
| ३६ | कर्णाली | डोल्पा | त्रिपुरासुन्दरी नगरपालिका | वडा अध्यक्ष | ५ | १ | ३ | ० | ४ | ४ | ० | ४ |
| ३७ | कर्णाली | हुम्ला | सर्केगाड गाउँपालिका | उपाध्यक्ष | | ६ | १ | ० | ७ | ५ | २ | ७ |
| ३८ | सुदूरपश्चिम | बझाङ | सूर्मा गाउँपालिका | वडा अध्यक्ष | ४ | ० | ३ | ० | ३ | ३ | ० | ३ |
| ३९ | सुदूरपश्चिम | बाजुरा | स्वामीकार्तिक खापर गाउँपालिका | उपाध्यक्ष | | ५ | ० | ० | ५ | ५ | ० | ५ |
| ४० | सुदूरपश्चिम | डोटी | पूर्वीचौकी गाउँपालिका | वडा अध्यक्ष | ६ | १ | ३ | ० | ४ | ४ | ० | ४ |
| ४१ | सुदूरपश्चिम | दार्चुला | दुहुँ गाउँपालिका | वडा अध्यक्ष | ५ | ० | ४ | ० | ४ | ३ | १ | ४ |
| ४२ | सुदूरपश्चिम | कञ्चनपुर | भीमदत्त नगरपालिका | वडा अध्यक्ष | ६ | ० | १२ | ० | १२ | १० | २ | १२ |
| जम्मा उम्मेदवार | | | | | | ६४ | ३४१ | २ | ४०७ | २८६ | १२१ | ४०७ |